श्री ५ को सरकार

## वन मन्त्रालयको

## सूचना

### कबुलियती वन नियमावली, २०३५

वन ऐन, २०१८ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "कबुलियती वन नियमावली २०३५" रहेको छ ।

(२) यो नियमावली श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा –

(क) "ऐन" भन्नाले वन ऐन, २०१८ सम्झनुपर्छ ।

(ख) "स्वीकृत योजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत भएको वन योजना सम्झनुपर्छ ।

३. कबुलियती वन क्षेत्रको निर्धारण : (१) कबुलियती वन निर्धारण गर्ने प्रयोजनको निमित्त सम्बन्धित डी. एफ. ओ. ले कबुलियती वन लायक क्षेत्रहरूको आँकडा तयार गरी श्री ५ को सरकारमा पेश गर्नु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम पेश भएको आँकडाको आधारमा श्री ५ को सरकारले कबुलियती वनक्षेत्र निर्धारण गरी सूचना प्रकाशित गर्नेछ ।

४. कबुलियती वन छुट्याउने : देहायको कुनै वन पैदावार उत्पादन गराउनको लागि रूख विहीन वा फाटफुट रूख भएको सरकारी वनक्षेत्र कबुलियती वनको रूपमा छुट्याउन सकिनेछ ।

(क) काठ दाउरा उत्पादन गर्न,

(ख) उद्योगलाई चाहिने कच्चा वन्य पदार्थ उत्पादन गर्न,

(ग) डाले घाँस उत्पादन गर्न,

(घ) बाँस, निगालो, बेत, केतुकी उत्पादन गर्न,

(ङ) व्यवसायको रूपमा क्रिसमस रूख र अन्य शोभावर्द्धक बिरुवाहरू उत्पादन गर्न,

(च) अलैंची, लाहा, जडीबूटी, खोटोजस्ता अन्य वन पैदावार उत्पादन गर्न ।

२९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्पष्टीकरण : यस नियमको प्रयोजनको लागि "फाटफुट रूख" भन्नाले सोह्र इञ्च गोलाइभन्दा माथिको रूख भएमा प्रति रोपनी बढीमा दुई र सोभन्दा कम गोलाइको रूख भएमा प्रति रोपनी बढीमा ६ वटा रूखलाई जनाउँछ ।

५. कबुलियती वन लगाउन निवेदन दिनुपर्ने : नियम ३ को उप-नियम (२) बमोजिम सूचना प्रकाशित भएपछि कबुलियती वन लगाउन चाहने व्यक्ति वा संस्थाले अनुसूची १ बमोजिमको ढाँचामा पाँच रूपैयाँको दस्तूरसहित सम्बन्धित डी. एफ. ओ. समक्ष निवेदन दिनु पर्नेछ ।

६. निवेदकको अयोग्यता : देहायको व्यक्ति वा संस्था कबुलियती वन लगाउन योग्य मानिने छैन ।

(क) गैर नेपाली नागरिक,
(ख) विदेशमा दर्ता भएको संस्था ।

७. कबुलियती वन सुम्पने : (१) नियम ५ बमोजिम कुनै व्यक्ति वा संस्थाबाट निवेदन पर्न आएमा सम्बन्धित डी. एफ. ओ. ले आवश्यक जाँचबुझ गरी निवेदनमा उल्लिखित सरकारी वन क्षेत्र वा त्यसको कुनै भागलाई कबुलियती वनको रूपमा सुम्पन मनासिब देखेमा आफ्नो सिफारिशसहित सम्बन्धित कन्जरभेटरसमक्ष पठाउनु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम प्राप्त हुनआएको सिफारिशउपर कन्जरभेटरले पनि आवश्यक जाँचबुझ गरी माग गरिएको कबुलियती वन निवेदकलाई सुम्पन मनासिब देखेमा सो कुराको सिफारिशसहित श्री ५ को सरकारसमक्ष पेश गर्नु पर्नेछ ।

(३) उप-नियम (२) बमोजिम कन्जरभेटरको सिफारिश प्राप्त भएपछि श्री ५ को सरकारले सोहीबमोजिम कबुलियती वन छुटचाई सम्बन्धित व्यक्ति वा संस्थालाई सुम्पन आदेश दिन सक्नेछ ।

(४) उप-नियम (३) बमोजिम आदेश प्राप्त भएपछि सम्बन्धित डी. एफ. ओ. ले तराई क्षेत्रमा भए प्रति बिगहा छब्बीस रूपैयाँका दरले र अन्यत्र भए प्रति रोपनी एक रूपैयाँका दरले दस्तूर लिई कबुलियती वन छुटचाई सम्बन्धित व्यक्ति वा संस्थालाई सुम्पनेछ ।

८. कबुलियतनामा र इजाजतपत्र : (१) नियम ७ को उप-नियम (४) बमोजिम कुनै व्यक्ति वा संस्थालाई कबुलियती वन छुटचाई सुम्पदा सम्बन्धित डी. एफ. ओ. ले अनुसूची २ बमोजिमको ढाँचामा सम्बन्धित व्यक्ति वा संस्थाबाट कबुलियत गराउनेछ र सो कबुलियतको एक प्रति सम्बन्धित व्यक्ति वा संस्थालाई दिनेछ ।

(२) उप-नियम (१) बमोजिम कबुलियत गराई सकेपछि सम्बन्धित वन डिभिजन कार्यालयबाट कबुलियतवालालाई अनुसूची ३ बमोजिमको इजाजतपत्र दिनेछ ।

९. कबुलियतको अवधि : (१) ऐन तथा यस नियमावलीबमोजिम कबुलियती वन सुम्पदा सम्बन्धित व्यक्ति वा संस्थाबाट बढीमा ३० वर्षसम्मको अवधिको लागि कबुलियत गराई सुम्पन सकिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-नियम (१) बमोजिमको कबुलियतको अवधि समाप्त भएपछि सोही क्षेत्र सोही व्यक्ति वा संस्थालाई पुनः कबुलियत गराई सुम्पन सकिनेछ। यसरी पुनः कबुलियत गराई कबुलियती वन सुम्पदा नियम ७ को उप-नियम (४) बमोजिमको दस्तूर लाग्ने छैन।

१०. कबुलियती वन क्षेत्रको हद : (१) कबुलियती वन सुम्पदा कुनै एक व्यक्तिको लागि तराई क्षेत्रमा भए बढीमा पच्चीस विगहासम्म, काठमाडौं उपत्यकामा भए बढीमा पचास रोपनी–सम्म र अन्य पहाडी क्षेत्रमा भए बढीमा अस्सी रोपनीसम्म सुम्पन सकिनेछ। संस्थाको लागि कबुलियती वन सुम्पदा तराई क्षेत्रमा भए बढीमा एकसय विगहासम्म र अन्यत्रको लागि भए बढीमा चारसय रोपनीसम्म सुम्पन सकिनेछ।

(२) उप-नियम (१) बमोजिम कुनै व्यक्ति वा संस्थालाई कबुलियती वन सुम्पदा उक्त हदबन्दीमा नबढाई पटक पटक गरी सुम्पन सकिनेछ।

तर अघिल्लो पटक सुम्पिएको वन क्षेत्रमा स्वीकृत योजना अनुसार सन्तोषजनक प्रगति नगर्ने व्यक्ति वा संस्थालाई थप वन क्षेत्र दिइने छैन।

११. कबुलियती वनको लगत राख्ने : यस नियमावलीबमोजिम कुनै व्यक्ति वा संस्थालाई कबुलियती वन छुटचाई सुम्पिएपछि सम्बन्धित वन डिभिजन कार्यालयले त्यसको लगत खडा गरी राख्नु पर्नेछ र सो लगतको एक एक प्रति सम्बन्धित सर्कल कार्यालय र वन विभागमा समेत पठाउनु पर्नेछ।

१२. एक वर्षभित्र कार्य प्रारम्भ गर्नुपर्ने : नियम ८ बमोजिम कबुलियत भएको मितिले एक वर्षभित्र सम्बन्धित व्यक्ति वा संस्थाले सो वनमा स्वीकृत योजना अनुसार कार्य गरी सक्नु पर्नेछ।

तर कुनै अप्रत्याशित कठिनाइबाट समयमै कार्य प्रारम्भ गर्न नसकेमा श्री ५ को सरकारले मुनासिब म्याद थप्न सक्नेछ।

१३. कबुलियती वनको सुरक्षा र सम्वर्द्धन : सम्बन्धित व्यक्ति वा संस्थाले कबुलियती वनको सुरक्षा सुव्यवस्था र सम्वर्द्धनको लागि स्वीकृत योजना तथा बखत बखतमा सम्बन्धित वन डिभिजन कार्यालयले दिएको प्राविधिक सल्लाह र सुझाव अनुरूप कार्यहरू गर्नु पर्नेछ।

१४. कबुलियती वनमा गर्न नहुने काम : कबुलियती वनमा सम्बन्धित व्यक्ति वा संस्थाले देहायको कुनै काम गर्न वा गराउन हुँदैन :–

(क) कबुलियती वन बिक्री गर्न, धितो बन्धकी राख्न वा कुनै किसिमले हस्तान्तरण गर्न।

(ख) वनमा खोरिया फडानी गर्न।

(ग) फलफुलको वा अरू खेती गर्न वा कुनै तवरले आवाद गर्न।

(घ) घर छाप्रो बनाउन।

229

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) स्वीकृत योजनाबमोजिम वा निर्दिष्ट गरिएबमोजिम बाहेक अन्य प्रकारले भू-उपयोग गर्न ।

१५. अधिकार हस्तान्तरण गर्न सकिने : (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कबुलियत अवधिको एक तिहाई अवधिसम्ममा स्वीकृत योजना अनुसार सन्तोषजनक काम भएको वनको कबुलियतवालाले आफ्नो अधिकार नियम ६ को अधीनमा रही अन्य व्यक्ति वा संस्थालाई हस्तान्तरण वा बिक्री गर्न सक्नेछ । यसरी आफ्नो अधिकार हस्तान्तरण वा बिक्री गर्दा सम्बन्धित व्यक्ति वा संस्थाले श्री ५ को सरकारको पूर्वस्वीकृति लिनु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम हस्तान्तरण भै वा बिक्री भै कबुलियती वनमा आफ्ना अधिकार कायम हुन आउने व्यक्ति वा संस्थालाई श्री ५ को सरकारले नियम ८ बमोजिम कबुलियत गराउनेछ र त्यस्तो व्यक्ति वा संस्थालाई अनुसूची ३ बमोजिमको इजाजतपत्र दिइनेछ ।

१६. वन पैदावारको उत्पादन तथा उपभोग : (१) कबुलियती वनको वन पैदावार उपभोग वा बिक्री–वितरण गर्दा स्वीकृत योजना अनुसार प्रत्येक वर्ष वार्षिक उत्पादनसम्मको वन पैदावार मात्र कबुलियती वन क्षेत्रबाट निकाल्न सकिनेछ ।

(२) उप-नियम (१) बमोजिमको वन पैदावार सफाट कटान गरी निकालिएमा सो क्षेत्रमा एक वर्षभित्र पुनः वृक्षारोपण गरी सुरक्षा, सुव्यवस्था र सम्वर्द्धनको काम गर्नु पर्नेछ ।

१७. कबुलियती वन सुम्पिदा रूखहरू भएमा मोल बुझाउनु पर्ने : (१) कबुलियती वन सुम्पिदा सो वनमा फाटफुट रूखहरू भएमा सम्बन्धित डी. एफ. ओ. ले सो रूखहरूको प्रचलित दरबमोजिम कायम गरेको मोल सम्बन्धित व्यक्ति वा संस्थाले कबुलियत गर्ने बखतमा बुझाउनु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिमको रूखहरूको मोल सम्बन्धित व्यक्ति वा संस्थाले एकमुष्ट बुझाउन नसकेमा सो मोलको आधा रकम कबुलियत गर्ने बखतमा र बाँकी आधा रकम कबुलियत गरेको मितिले एक वर्षभित्र बुझाउनु पर्नेछ ।

(३) उप-नियम (१) वा (२) बमोजिम रूखहरूको मोल सम्बन्धित व्यक्ति वा संस्थाले बुझाएपछि सो रूखहरू सम्बन्धित व्यक्ति वा संस्थाको हुनेछ ।

तर त्यस्तो रूखहरू सम्बन्धित व्यक्ति वा संस्थाले स्वीकृत योजना अनुसार वृक्षारोपण सम्पन्न गर्न बाहेक अरू कुनै अवस्थामा ५ वर्षभित्र वन क्षेत्रबाट हटाउन पाउने छैन ।

१८. कबुलियती वनको वार्षिक बहाल : (१) सुम्पिएको कबुलियती वनमा सबै किसिमका उत्पादनको लागि तराईमा प्रति बिगहा बीस रूपैयाँ र उपत्यका तथा पहाडमा प्रति रोपनी एक रूपैयाँ वार्षिक बहाल लाग्नेछ ।

122

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-नियम (१) बमोजिमको बहाल सम्बन्धित व्यक्ति वा संस्थाले प्रत्येक आर्थिक वर्षको जेष्ठ मसान्तसम्ममा सम्बन्धित वन डिभिजन कार्यालयमा बुझाउनु पर्नेछ ।

१९. कबुलियती वन सकार गर्न सकिने : (१) कबुलियतको अवधि बाँकी छँदै कबुलियतवालाको मृत्यु भएमा कबुलियतमा इच्छाएको व्यक्तिले कबुलियतमा लेखिएका शर्तहरूसहित सो कबुलियती वन सकार गर्न सक्नेछ ।

(२) उप-नियम (१) बमोजिम कबुलियतवालाको मृत्यु भई इच्छाएको व्यक्तिले कबुलियती वन सकार गर्न चाहेमा निजले कबुलियतवालाको मृत्यु भएको पैंतीस दिनभित्र पच्चीस रूपैयाँ दस्तूरसहित सम्बन्धित वन डिभिजन कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(३) उप-नियम (२) बमोजिम निवेदन पर्न आएमा सम्बन्धित डी. एफ. ओ. ले आवश्यक जाँचबुझ गरी बाँकी अवधिको लागि निवेदकलाई अनुसूची २ को ढाँचामा साबिकबमोजिमको कबुलियत गराई सो कबुलियती वन सुम्पन सक्नेछ ।

२०. कबुलियतको नक्कल दिन सकिने : (१) कबुलियती वनको कबुलियत वा इजाजतपत्र हराएमा, च्यातिएमा, नष्ट भएमा वा अरू कुनै प्रकारले काम नलाग्ने भएमा सम्बन्धित व्यक्ति वा संस्थाले पाँच रूपैयाँ दस्तूरसहित सम्बन्धित डी. एफ. ओ. समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम परेको निवेदनको व्यहोरा मनासिव देखेमा सम्बन्धित डी. एफ. ओ. ले कबुलियती वनको कबुलियत वा इजाजतपत्रको नक्कल दिन सक्नेछ ।

२१. निर्देशन पालन गर्नुपर्ने : कबुलियती वनको सम्बन्धमा वन विभागबाट समय समयमा दिइएका निर्देशन सम्बन्धित व्यक्ति वा संस्थाले पालन गर्नु पर्नेछ ।

२२. वार्षिक प्रतिवेदन दिनुपर्ने: (१) सम्बन्धित व्यक्ति वा संस्थाले प्रत्येक साल आर्थिक वर्ष समाप्त भएको एक महीनाभित्र कबुलियती वनको वार्षिक प्रतिवेदन अनुसूची ४ अनुसारको फाराममा भरी सम्बन्धित वन डिभिजन कार्यालयमा दाखिल गर्नु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम प्राप्त वार्षिक प्रतिवेदनको आधारमा डी. एफ. ओ. ले सो वन क्षेत्रमा ऐन तथा यस नियमावलीबमोजिम काम भए नभएको र कबुलियतवालाले स्वीकृत योजना र कबुलियतनामाबमोजिम काम गरे नगरेको समेत आवश्यक जाँचबुझ गरी आफ्नो प्रतिवेदन आर्थिक वर्षको तेस्रो महीनाभित्रमा सम्बन्धित कन्जरभेटरसमक्ष पेश गर्नु पर्नेछ ।

(३) उप-नियम (२) बमोजिम डी. एफ. ओ. ले जाँचबुझ गर्दा सो वन क्षेत्रमा ऐन तथा यस नियमावलीबमोजिम काम भएको नदेखेमा वा सम्बन्धित व्यक्ति वा संस्थाले स्वीकृत योजना वा कबुलियतबमोजिम काम गरेको नदेखेमा कबुलियतवालासित स्पष्टीकरण समेत माग गरी आफ्नो रायसहित प्रतिवेदनसाथ कन्जरभेटरसमक्ष पठाउनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उप-नियम (२) बमोजिम प्रतिवेदन प्राप्त भएपछि कन्जरभेटरले पनि आवश्यक जाँचबुझ गरी कबुलियती वनमा सन्तोषजनक काम भएको देखेमा सोहीबमोजिमको प्रतिवेदन र ऐन तथा यस नियमावलीबमोजिम काम नभएको वा स्वीकृत योजना वा कबुलियत-बमोजिम सम्बन्धित व्यक्ति वा संस्थाले काम गरेको नदेखेमा कबुलियत रद्द गर्न सिफारिश सहित प्रतिवेदन श्री ५ को सरकारमा पेश गर्नु पर्नेछ ।

२३. कबुलियत रद्द गर्ने : (१) नियम २२ बमोजिम कन्जरभेटरबाट प्राप्त प्रतिवेदनको आधारमा श्री ५ को सरकारले कबुलियती वनको कबुलियत रद्द गर्नुपर्ने अवस्था देखेमा श्री ५ को सरकारले कबुलियतवालाबाट स्पष्टीकरण लिई कबुलियत रद्द गर्न आदेश दिन सक्नेछ ।

तर श्री ५ को सरकारले मुनासिब सम्झेमा कबुलियत रद्द नगरी केही समयको लागि त्यस्तो वन क्षेत्रबाट वन पैदावार उत्पादन गर्न नपाउने गरी रोक लगाउन पनि सक्नेछ ।

(२) उप-नियम (१) बमोजिम कबुलियत रद्द भएमा कबुलियती वनमा लगाइराखेको बिरूवा तथा रूखहरूमा कबुलियतवालाको कुनै हक दावी लाग्ने छैन ।

मुद्रण विभाग, सिंहदरबार

२२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–१

(नियम ५ संग सम्बन्धित)

### निवेदनको ढाँचा

श्री डी. एफ. ओ.,

... ... वन डिभिजन कार्यालय,

... ... ... ... ।

वन ऐन, २०१८ र कबुलियती वन नियमावली, २०३५ को अधीनमा रही वृक्षारोपण गरी वन जङ्गल हुर्काई वन पैदावार उत्पादन तथा उपभोग गर्नको लागि कबुलियती वन लगाउन चाहेकोले देहायको विवरण खुलाई निवेदन गरेको छु ।

१. कबुलियती वन लगाउन चाहेको सरकारी वनको–

(क) ... ... ... अञ्चल ... ... ... जिल्ला ... ... ... ... ... पञ्चायत वार्ड नं. ... ... को ... ... ... नाम भएको जङ्गल ।

(ख) चार किल्ला र वन सिमाना लागे नलागेको:– ... ... ... ...

(ग) क्षेत्रफल ... ... ... ... विगहा / रोपनीमा ... ... जातका ... ... ... रूखहरू छन् ।

२. उत्पादन गर्न चाहेको वन पैदावारको किसिम:–

३. लगाइने विरूवाको जात:–

४. उत्पादन गर्न लाग्ने समय:–

५. कबुलियती वन लिन चाहेको अवधि:–

६. बीज विरूवा कहाँबाट उपलब्ध गर्ने:–

७. वृक्षारोपण गर्ने तरीका:–

८. स्याहार संभारको उपाय:–

९. वन पैदावार निकाल्ने तरीका:–

१०. खर्चको व्यवस्था:–

११. उत्पादन गरिने वन पैदावारको परिमाण:–

१२. उत्पादित वस्तु निजी प्रयोगको लागि हो वा विक्री-वितरण वा उद्योगको प्रयोजनको लागि:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. निजी औद्योगिक प्रयोजनको लागि भए कस्तो किसिमको उद्योग हो सोको विवरण:–

(क) उद्योगको किसिम:–

(ख) वन्य कच्चा पदार्थको वार्षिक खपत:–

(ग) लाइसेन्स प्राप्त भए नभएको:–

(घ) उत्पादित वस्तु स्वदेशभित्रको खपतको लागि हो वा वाह्य निकासीको लागि हो:–

निवेदकको:–

(क) नाम थर:–

(ख) ठेगाना:–

(ग) दस्तखत:–

(घ) मिति:–

स्पष्टीकरण: तराइमा दुई विगहा वा अन्यत्र पच्चीस रोपनीसम्म कबुलियती वन लिन चाहने व्यक्ति वा संस्थाले ६ देखि १३ सम्मको विवरण पेश गर्न अनिवार्य छैन ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–२
(नियम ८ संग सम्बन्धित)

### कबुलियत

लिखितम् ... ... को नाती ... ... को छोरा ... ... ... अञ्चल ... ... ... जिल्ला ... ... पञ्चायत वडा नं. ... ... बस्ने ... ... वर्षको ... ... ... ... आगे मैले दिएको निवेदन र वन योजनामा कारवाई भै निर्णय भएबमोजिम ... ... ... अञ्चल ... ... ... ... ... जिल्ला ... ... ... पञ्चायत वार्ड नं. ... ... ... मा पर्ने पूर्व ... ... ... पश्चिम ... ... उत्तर ... ... दक्षिण ... ... यति ४ किल्लाभित्रको ... ... ... नाम भएको सरकारी वन ... ... ... विगहा। रोपनीमा वन ऐन, २०१८ र कबुलियती वन नियमावली, २०३५ को अधीनमा रही यसैसाथ संलग्न स्वीकृत वन योजना अनुरुप तपसीलका शर्तहरुबमोजिम उक्त क्षेत्रमा वृक्षारोपण गरी वन जङ्गल हुर्काई वन पैदावार उत्पादन तथा उपभोग गर्न ... ... अवधिका लागि वन लगाउन मञ्जूर छ । मेरो शेषपछि मैले पाएको उक्त कबुलियती वन निम्न दस्तखतवाला इच्छाएका व्यक्तिले लिन चाहेमा मेरो मञ्जूर भएकोले आपनो मनोमान खुशीराजीसंग यो कबुलियतनामा लेखी श्री ५ को सरकार ... ... वन डिभिजन कार्यालयमा चढाएँ । यो कबुलियतबमोजिमको शर्त पालन नगरेमा वन ऐन, २०१८ र कबुलियती वन नियमावली, २०३५ बमोजिम सहुँला बुझाउँला ।

### तपसील

१. स्वीकृत वन योजनामा उल्लेख भए बाहेक अन्य कुनै काम कारवाई गर्ने छैन ।

२. आफूले कबुलियती वन लगाउन पाएको क्षेत्र बाहेक अन्यत्र वन जग्गामा अतिक्रमण वा अन्य कुनै प्रकारले हानी नोक्सानी गर्ने गराउने छैन ।

३. यस कबुलियतको अवधि समाप्त भएपछि पुनः सोही कबुलियती वन क्षेत्र नपाएमा सो क्षेत्र श्री ५ को सरकारलाई नियमानुसार हस्तान्तरण गर्नेछु ।

४. कबुलियत भएको मितिले एक वर्षभित्र स्वीकृत वन योजना अनुसार कार्य प्रारम्भ गर्नेछु ।

५. समय समयमा वन कार्यालयले दिएको प्राविधिक सल्लाह, सुझाव र निर्देशन अनुरुप कार्य गर्नेछु ।

६. कबुलियत वन लगाउनु पर्ने क्षेत्रमा खोरिया फडानी गर्ने, खेती गर्ने, घर, छाप्रो बनाउने र यसलाई बन्धकी बेचबिखन गर्ने छैन ।

७. कबुलियती वनबाट उत्पादन गरिएको वन पैदावार निकालेपछि खाली हुनआउने क्षेत्रमा वन योजना अनुरुप तत्कालै वृक्षारोपण गर्नेछु ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. कबुलियती वन क्षेत्रमा भएका फाटफुट रूखहरूको नियमानुसार मोल बुझाई स्वीकृत वन योजना अनुसार वृक्षारोपण सम्पन्न गर्नलाई बाहेक अन्य कुनै अवस्थामा पाँच वर्षभित्र हटाउने छैन ।

९. कबुलियती वन लगाउन पाएको जग्गाको वार्षिक बहाल ... ... ...... (रूपैयाँ) आर्थिक वर्षको जेष्ठ मसान्तभित्र सम्बन्धित वन डिभिजन कार्यालयमा बुझाउने छु। श्री ५ को सरकारले यो कबुलियत गरेको मितिदेखि पाँच वर्षपछि बहालको रकममा कुनै किसिमको संशोधन गरेमा सोही अनुसार बहाल रकम बुझाउनेछु ।

१०. तोकेको फाराममा कबुलियती वनको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महीनाभित्र सम्बन्धित वन डिभिजन कार्यालयमा बुझाउनेछु ।

इच्छाएको व्यक्तिको
नाम, थर र वतन

कबुलियत गर्ने व्यक्ति वा संस्थाको
सहिछाप:–

(१)

(२)

इति सम्वत् ............ साल ...... गते रोज ....... शुभम्——

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–३

(नियम ८ को उप–नियम (२) संग सम्बन्धित)

इजाजतपत्र

श्री ५ को सरकार

वन विभाग

. . . . . . . वन डिभिजन कार्यालय

कबुलियती वनको इजाजतपत्र

वन ऐन, २०१८ र कबुलियती वन नियमावली, २०३५ को अधीनमा रही देहायको सरकारी वन क्षेत्रमा स्वीकृत वन योजना अनुरूप वृक्षारोपण गरी वन जङ्गल हुर्काई वन पैदावार उत्पादन तथा उपभोग गर्न कबुलियती वनको इजाजतपत्र दिइएको छ ।

१. सम्बन्धित व्यक्ति वा संस्थाको–

(क) नाम थरः–

(ख) ठेगानाः–

२. कबुलियती वनको–

(क) . . . . अञ्चल . . . .जिल्ला . . . पञ्चायत वडा नं. . . . . . . . . . .

(ख) चार किल्लाः–

(ग) नामः–

(घ) क्षेत्रफलः–

३. कबुलियतको अवधिः–

४. कबुलियत गरेको मितिः–

५. स्वीकृत वन योजनाको विवरणः–

(१)

(२)

(३)

(४)

प्रमाणपत्र दिने अधिकृतको–

नामः–

दर्जाः–

दस्तखतः–

मितिः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–४
(नियम २२ संग सम्बन्धित)
## कबुलियती वनको वार्षिक प्रतिवेदन

संकेत नं. . . .

१. कबुलियतवालाको नाम, थर, बतन . . . . .

२. कबुलियती वनको . . . . .

अञ्चलः–
जिल्लाः–
पञ्चायतः–
वडा नं.:–
चार किल्ला . . . पूर्व
पश्चिम
उत्तर
दक्षिण

नाम . . . .
क्षेत्रफल . . .

३. स्वीकृत वन योजना अनुसार गरिएको कार्यको विवरण

| सि.नं. | बिरुवाको जात | बिरुवाको संख्या | क्षेत्रफल | वृक्षारोपण गरेको मिति | हालको अवस्था | | | वन पैदावारको उपभोग र बिक्री वितरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | सरदर उचाइ | स्वास्थ्य | कैफियत | मिति | किसिम | परिमाण |
| | | | | | | | | | | |

४. अन्य विवरण

आज्ञाले–
अच्युतबहादुर राजभण्डारी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।